# उदयपुर सिमेन्ट उद्योग पुनः सञ्चालनमा आठ महिनापछि उत्पादन सुरु



**प्रवेश बिष्ट/मध्यान्ह**
विराटनगर, ११ मंसिर

सरकारी स्वामित्वमा रहेको मुलुकको सबैभन्दा ठुलो औद्योगिक प्रतिष्ठान मानिएको उदयपुर सिमेन्ट उद्योग पुनः सञ्चालनमा आएको छ । करिब आठ महिनादेखि बन्द रहेको उद्योग मंसिर ८ गतेबाट आंशिकरूपमा सञ्चालनमा आएको हो । उद्योगका महाप्रबन्धक कोविद काफ्लेका अनुसार हाल दैनिक ५ सय मेट्रिक टन सिमेन्ट उत्पादन भइरहेको छ ।

तत्कालीन मन्त्रीपरिषद् बैठकले २०८२ वैशाख १५ गते उद्योगलाई निजीकरण गर्ने निर्णय गरेपछि यो उद्योग बन्द भएको थियो । बन्द अवधिभर उद्योगले पहिले उत्पादन भएका सिमेन्ट मात्र बिक्री गर्दै आएको थियो ।

उद्योग सुचारु गर्नका लागि केही दिनअघि स्थानीयहरूले उद्योगमन्त्री अनिल सिन्हाको ध्यानाकर्षण गराउँदै ज्ञापनपत्र बुझाएका थिए । उदयपुरको त्रियुगा नगरपालिका वडा नं. ६ का वडा सदस्य प्रवेश खड्का लगायतका युवाहरूले मन्त्री सिन्हालाई भेटेर उद्योग सञ्चालनको माग गरेका थिए । उद्योगका कर्मचारीहरूले पनि पटक-पटक उद्योग सञ्चालनको सरोकारवालाको ध्यानाकर्षण गराएका थिए ।

उद्योगमा कार्यरत कर्मचारीहरूले आठ महिनादेखि तलब र भत्ता पाएका छैनन् । सुरुका वर्षमा उदयपुर सिमेन्ट उद्योगमा ५ सय ३३ कर्मचारीको दरबन्दी रहेको थियो भने अहिले १ सय ९३ स्थायी कर्मचारी मात्र कार्यरत छन् ।

उद्योगलाई नियमित सञ्चालन गर्न आवश्यक रकम तीन वर्षभित्र सावा ब्याजसहित तिर्ने सर्तमा चालु खर्चको रूपमा २४ करोड रुपैयाँ ऋण सहयोग उपलब्ध गराइदिन मन्त्रालयसँग माग गरिएको थियो । यस रकमबाट १ सय ९३ स्थायी कर्मचारी, ६० जना सेक्युरिटी गार्ड र कारखाना सञ्चालनमा आवश्यक अन्य कार्यदलको तलब र सुविधा उपलब्ध गराउने योजना बनाइएको छ । कर्मचारीलाई मात्र तलब खुवाउन करिब ९ करोड रुपैयाँ आवश्यक पर्ने बताइएको छ ।

# मिडभ्याली अन्तरविद्यालय बृहत् विज्ञान प्रदर्शनी




**भक्तपुर/मस–** मिड भ्याली माध्यमिक विद्यालय कलेजले दोस्रो अन्तर विद्यालय विज्ञान तथा सूचना प्रविधि प्रदर्शनी २०८२ को आयोजना गरेको छ ।

मध्यपुरठिमीस्थित कलेज प्राङ्गणमा आयोजित प्रदर्शनीमा उपत्यकाभित्रका ६७ वटा विद्यालयका विद्यार्थीद्वारा निर्मित ९३ वटा उपकरण एवं सामग्रीहरू प्रदर्शनीमा राखिएको हो । प्रदर्शनी मंसिर ११ र १२ गते दुई दिनसम्म सञ्चालन हुनेछ भने १० हजार बढी विद्यार्थीले अवलोकन गर्ने लक्ष्य राखिएको छ । प्रदर्शनीमा पहिलो दिनमा चार हजार बढी विद्यार्थीले अवलोकन गरेका छन् ।

प्रदर्शनीमा विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले विज्ञान र सूचना प्रविधि तर्फको नविनम प्रयोगलाई जोड दिँदै निर्माण गरेका स्मार्ट सिटी, वाटर सिस्टम, वाटर पोलुसन, स्मार्ट होम लगायतका विभिन्न उपकरण एवं सामग्रीहरू प्रदर्शन गरिएको छ । कार्यक्रमका प्रमुख अथिति प्रा.डा रामेश्वर अधिकारीले यस्ता कार्यक्रमले विद्यार्थीहरुलाई सैद्धान्तिक ज्ञान मात्र नभइ व्यवहारिक ज्ञान प्रदान गर्नुका साथै विज्ञान तथा प्रविधितर्फको अन्वेषणमा उत्प्रेरणा जगाउन मद्दत पुग्ने बताए ।

उनले भने,'यस खालको कार्यक्रम शहरी क्षेत्रमा मात्र नभइ ग्रामीण क्षेत्रका विद्यालय तथा कलेजहरुमा समेत आयोजना गर्न जरुरी छ । सरकारले पनि यस खालको प्रदर्शनीलाई प्राथमिकता दिन आवश्यक छ। शिक्षामन्त्रालयले विज्ञान तथा प्रविधि क्षेत्रलाई प्राथमिकतामा राखेको छ, अझै विशेष योजना ल्याएर विद्यार्थीहरुमा व्यवहारिक ज्ञान प्रदान गर्न सक्नुपर्छ । यी भावी पुस्तालाई विज्ञान तथा प्रविधि क्षेत्रमा योग्य बनाउनु आजको आवश्यकता हो ।'

सूर्यविनायक नगरपालिकाका शिक्षा शाखा प्रमुख रत्न कटुवालले साना-साना उमेरका विद्यार्थीहरुले दैनिक रुपमा प्रयोग हुने उपकरणहरुलाई फरक रुपमा प्रदर्शनी गरेको बताए । उनले यसखालको प्रर्दशनी मिडभ्याली लगायतका अन्य विद्यालयले पनि आयोजना गर्न जरुरी रहेको बताए । यस्तै मिड भ्याली कलेजका निर्देशक कमल अर्यालले विद्यार्थीहरुको सिर्जनात्मक क्षमता अभिवृद्धि र व्यवहारिक शिक्षालाई विशेष जोड दिने उद्देश्यले यस प्रदर्शनीको आयोजना गरिएको बताए ।

# जन्मदिनमा आयोगका अध्यक्ष धितालले रोपे वृक्ष



**सिन्धुपाल्चोक/मस–** विद्युत् नियमन आयोगका अध्यक्ष रामप्रसाद धितालले आफ्नो जन्मदिनमा वृक्ष रोपेर समाजमा सत्कर्मको सन्देश दिएका छन् । समाजमा जन्मदिन मनाउने प्रचलन भड्किलो र खर्चिलो हुँदै गएकोले यसलाई न्यूनीकरण गर्दै सत्कर्ममा जोड्ने उद्देश्यका साथ रौतहटबाट सुरु भएको 'जन्मदिनलाई सत्कर्ममा जोडौं' अभियानको समर्थन स्वरूप धितालले आफ्नै गृह जिल्ला थानमारे डाँडामा बृक्ष रोपेर जन्मदिन मनाएका हुन् ।

यो अभियानबाट नेपालमा पहिलो जन्मोत्सव पार्क निर्माणाधीन रहेको छ, भने दोस्रो काभ्रेको धुलिखेल नगरपालिकको १० नम्बर वडामा निर्माणाधीन छ । सिन्धुपाल्चोकको थानमारे डाँडामा पनि बृक्ष रोपेर तेस्रो जन्मोत्सव पार्कको सुरुवात गरिएको हो ।

अध्यक्ष धितालले बिहीबार आफ्नो जन्मदिनमा केही बेन्चहरु प्रदान गर्दै ९२ वर्षीया स्थानीय देवकी सिग्देल आमाबाट आशिर्वाद लिँदै बृक्ष रोपेका थिए । उनले भने, 'आफ्नो जन्मदिन आफू जन्मेको माटोसँग साक्षात्कार गर्दै स्थानीय दाजुभाइ, दिदीबहिनी र आमाबाबुको साथमा प्रकृतिसँग जोडिएर मनाउँदा बेग्लै अनुभूति भएको छ । अबबाट मेरो जन्मदिन यसै जन्मोत्सव पार्कमै मनाउने प्रतिबद्धता रहेको छ र जिल्लाभरका सबैलाई यस्ता सत्कर्ममा जोडिन आग्रह गर्दछु ।'

कार्यक्रममा सागागढी नपा १४ का वडाध्यक्ष उद्धव नेपाल, पत्रकार नेत्र बहादुर बस्नेत, अभियानका राष्ट्रिय संयोजक गोविन्दप्रसाद चौलागाईं, जिल्ला वन अधिकृत लगायतको उपस्थिति रहेको थियो ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम २०८१/०२/१३ मा दर्ता भएको **प्रा.लि. नं. ३३७१८२** को **न्यू बलराम टेलर्स एण्ड सगरमाथा नौमती पञ्चे बाजा व्यान्ड प्रा.लि.** को मिति २०८२/०८/१० गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः लिलानाथ कंडेल**

स्थानीय सरकार

**हेलम्बु गाउँपालिका**

ཨོཾ། དེ་ལམ་བུ་ཡུལ་སྡེ་ལས་ཁུངས། །

**गाउँ कार्यपालिकाको कार्यालय**

हेलम्बु, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना ।**

(सूचना प्रकाशित मितिः २०८२/०८/१२)

हेलम्बु गाँउपालिकाले तपसिलको कार्यको लागि मध्यान्ह (राष्ट्रिय) दैनिकमा प्रकाशित सूचना बमोजिम तोकिएको समयभित्र रितपूर्वक दर्ता भएका बोलपत्रदाताहरू मध्ये तपसिलमा उल्लिखित बोलपत्रदाता न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही पाइएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) र २७ (२) को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाता एवं सबै सरोकारवालाहरूका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र स्वीकृत हुने फर्मको नाम | कबोल अंक (रू) |
|---|---|---|---|---|
| 1 | 01-01-082-83 NCBW-HRM | construction of compound infrastructure at Helambu Bodhisattva Model School, Helambu-06 | G.N Hyolmo Construction Pvt. Ltd. | 22,91,027.07/- (मु.अ.कर र Ps सहित) |

प्रमुख प्रशासकीय अधिकृत

**कुवेतमा रोजगार**

कम्पनीः BLACK HAIR SALON AND HEALTH INSTITUTE FOR WOMENS BEAUTY S.P.C — शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०२/३२ — चलानी नं.ः ६०२२२१९४ — LT. No.:307449 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser/medicur & Pedicur | 0 | 2 | सम्बन्धित काममा दक्ष | 160 | ७४,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Massagist | 0 | 1 | | 160 | ७४,२७० | | | | | | | |

कम्पनीः KUWAITI TOURIST'S MOBILE FARE — शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०८/११ — चलानी नं.ः ६०२४७८७६ — LT. No.:334412

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Indoor | 3 | 0 | सम्बन्धित काममा दक्ष | 110 | ५१,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Collector | 2 | 0 | | 170 | ७८,९१२ | | | | | | | |

कम्पनीः SHAWARMA AL SHUWAIKH FOOD SUPPLIES CO — शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०८/११ — चलानी नं.ः ६०२४७८७७ — LT. No.:334411

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 4 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६९,६२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Light Driver (Nepali License) | 3 | 0 | | 155 | ७१,९४९ | | | | | | | |
| 3. | Restaurant (Kitchen Helper) | 3 | 0 | | 120 | ५५,७०२ | | | | | | | |
| 4. | Cook | 15 | 0 | | 140 | ६४,९८६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १९ गते (5 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Guideline Recruitment Service Pvt. Ltd.
Basundhara Chauki, Kathmandu, Tel.: 4389497,982-2506451, 982-3461212
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com
Govt.Lic.No 1061/073/74

**कुवेतमा रोजगार**

१. कम्पनीः BAKU CONSUMER ORDER DELIVERY COMPANY — शहरः OMAN
पूर्व स्वीकृत मितिः २०८२/०८/११ — चलानी नं.ः ६०२४७८७१ — LT. No.: 334275

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 29 | 0 | स. काममा दक्ष | 135 | ६२,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनीः H2O GENERAL CLEANING SERVICE FOR BUILDING CO.. — शहरः OMAN
पूर्व स्वीकृत मितिः २०८२/०८/११ — चलानी नं.ः ६०२४७८७३ — LT. No.: 334337

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Indoor) | 2 | 3 | स. काममा दक्ष | 100 | ४६,४१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनीः AL SARAB CONSUMER ORDERS DELIVERY COMPANY — शहरः OMAN
पूर्व स्वीकृत मितिः २०८२/०८/११ — चलानी नं.ः ६०२४७८७२ — LT. No.: 334334

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 10 | 3 | स. काममा दक्ष | 135 | ६२,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

४. कम्पनीः BASSAMCO SANITARYWARE & CONTRACTING COMPANY — शहरः OMAN
पूर्व स्वीकृत मितिः २०८२/०८/११ — चलानी नं.ः ६०२४७८७४ — LT. No.: 334336

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६९,६२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Common Labors (Outdoor) | 4 | 0 | | 110 | ५१,०६० | | | | | | | |

५. कम्पनीः AL SARAB CONSUMER ORDERS DELIVERY COMPANY — शहरः OMAN
पूर्व स्वीकृत मितिः २०८२/०८/११ — चलानी नं.ः ६०२४७८७२ — LT. No.: 334334

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Painter | 10 | 0 | स. काममा दक्ष | 130 | ६०,३४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १९ गते (5 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | कम्पनी नं. १ मा नि:शुल्क र कम्पनी नं. २-५मा रु. १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Dana Human Resource Nepal Pvt. Ltd.
Sinamangal, Kathmandu, Tel.: 01-5923344, 9802373747
Email : dananepalpg@gmail.com , Web: www.dananepal.com
Govt Lic No. 1692/080/81
Contact No: 9802373747,9802397164,9802398611,9802373751,9802398610,9802373753.

सुदूरपश्चिम प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालय**

**शिक्षा विकास निर्देशनालय**

राजपुर, दिपायल, डोटी, नेपाल

**बोल पत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मितिः२०८२/८/१२

यस निर्देशनालयबाट मिति २०८२/६/३१ गतेको प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार तपसिल ठेक्का न.भएका कार्यहरुको e-Gp Sysytem बाट दर्ता हुन आएका बोलपत्रहरुको बोलपत्र मुल्यांकन समितिद्वारा नियमानुसार मूल्यांकन गर्दा तपसिलमा उल्लेखित बोलपत्रदाताहरुको न्यूनतम् मूल्यांकित सारभूत रुपमा प्रभावकारी रहेको हुदाँ स्वीकृतिको लागि सिफारिस भए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उप दफा २ र दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आवश्यक जानकारीको लागि सात दिनको आशयको सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र. स. | ठेक्का न. | कार्यको विवरण | छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना | कबोल रकम रु. (भ्याट र पि.एस सहित) |
|---|---|---|---|---|
| १. | EDD/NCB/WORKS/2082/83-01 | Construction of First Floor of Academic Building of Himalaya Mavi Sanfebagar-4 Achham | Kalika Construction Achham | 6,754,424.2 |
| २. | EDD/NCB/WORKS/2082/83-02 | Construction of School Building and Boundary wall at Kanti Rajya Laxmi Secondary School Ghodaghodi-10 Kailali | G.B. Nirman Sewa Kailali | 5,784,865.2 |

खरिद इकाई

नेपाल सरकार

**उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय**

**जलस्रोत तथा सिंचाई विभाग**

**रानी जमरा कुलरिया सिंचाई आयोजना**

टिकापुर, कैलाली

**बोलपत्र प्रस्ताव स्वीकृतिको आशय सम्बन्धी सूचना**

प्रकाशन मितिः २०८२/०८/१२ (२८ नोभेम्बर २०२५)

यस आयोजनाबाट मिति २०८२/०६/०८ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम तपशील बोलपत्रहरूको प्रस्ताव मिति २०८२/०७/१४ गते खोलीएकोमा क्र.सं १,२ बमोजिमको बोलपत्रदाताहरूको प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्दा सफल पाइएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ज) को उपनियम ५ बमोजिम उल्लेखित मितिमा आर्थिक प्रस्ताव खोलिने जानकारीका साथै क्र.सं. ३ बमोजिमको बोलपत्रदाताको प्रस्ताव बोलपत्र मुल्याङ्कनमा न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को २७ (२) बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | ठेक्का नं | प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाता | कैफियत |
|---|---|---|---|
| १ | RJKIP/RTW/NCB-01/2082/83 (Dumping Big Boulder for Command Area Protection Works in Karnali River near Daulatpurghat and Arnawaphat) | M/S Manglasaini-Noori-Parbati J.V. | मिति २०८२/०८/१९ गते मध्यान्हः १३:०० बजे आर्थिक प्रस्ताव खोलिने |
| | | M/S Naba Janukadevi Construction and Suppliers Pvt. Ltd. | |
| २ | RJKIP/RTW/NCB-02/2082/83 (Supplying and Dumping of Big Boulders for Main Canal Protection in Karnali River Bank near Settling Basin) | M/S Manglasaini-Noori-Bhandari J.V. | |
| **क्र.सं.** | **ठेक्का नं** | **बोलपत्र प्रस्तावमा सफल बोलपत्रदाता** | **कबोल अङ्क (मु.अ.क. सहित)** |
| ३ | RJKIP/RTW/NCB-03/2082/83 (Maintenance of Feeder Canal Lining of Rani Jamra Kulariya Irrigation Project) | Toya Construction Lamki Chuha-01, Kailali | २९,५७,५०३.७६ /- |

Project Director